मादी नगरपालिका
फोन नं : ०२९-४२४००२
# नगर कार्यपालिकाको कार्यालय
सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा
मादी, संखुवासभा
१ नं प्रदेश, नेपाल

पत्र संख्या : ०७९/०८० चलानी संख्या : मिति : २०७९।०४।०२

## सामाजिक सुरक्षा भत्ता लाभग्राही सूचिकरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा नेपाल सरकारले प्रदान गर्ने सामाजिक सुरक्षा भत्ता सम्बन्धमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको चलानी नं. ९ मिति २०७९/०४/०१ को पत्रअनुसार ६८ वर्ष उमेर पुरा भएका जेष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता दिने व्यवस्था भए बमोजिम आ-आफ्नो वडा कार्यालयमा गई तपशिलको कागजातका साथ निवेदन पेश गर्न हुन सम्बन्धीत सबैमा जानकारीका लागि अनुरोध छ ।

तपशिलः

१) नागरिकता सक्कल र एक प्रति फोटो कपी ।

२) हालसाल खिचेको पासपोर्ट साईजको फोटो २ प्रति ।

नोटः सूचिकृत भएका लाभग्राहीले हिमालयन बैङ्क मादी शाखामा गई बैङ्क खाता अनिर्वय खल्नु पर्नेछ ।

२०७९/०४/०२

प्रकाश मगर

प्रमुख प्रशासकीय अधिकृत

Email : madimunicipality@gmail.com website : http://madimunsankhuwasabha.gov.np

नेपाल सरकार
# गृह मन्त्रालय
## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७९/०८०
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९

मिति : २०७९/४/१

विषयः सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण सम्वन्धमा।

श्री स्थानीय तह सबै।

सामाजिक सुरक्षा नियमावली (प्रथम संशोधन), २०७६ को नियम (९) र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनु पर्ने व्यवस्था रहेको विदितै छ।

सोही सम्बन्धमा, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम (१६) को उपनियम (१२) बमोजिम आ.व २०७८/७९ देखि नेपाल सरकारले त्रैमासिक बजेट निकासाको व्यवस्था गरेको हुँदा सामाजिक सुरक्षा भत्ता समेत त्रैमासिक रुपमा वितरण गर्नु पर्ने भएकोले चालु आ.व को पहिलो त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ताको फवार्ड फिड (लाभग्राही सूची) तयार गरी सम्बन्धित बैंकमा पठाउनु अगावै परिचयपत्र नवीकरण गरिसक्नु पर्ने भएको छ। तसर्थ सबै लाभग्राहीहरुको सकेसम्म चाँडै नवीकरण गरी पहिलो त्रैमासिक निकासाबाटै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सुनिश्चितता गर्न आवश्यक व्यवस्थाको लागि अनुरोध छ।

नेपाल सरकारको आ.व २०७९/८० को बजेट बक्तव्यमा ६८ वर्ष उमेर पुरा भएकालाई जेष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता दिने उल्लेख भएको र सोही बमोजिम हुनेगरी सामाजिक सुरक्षा ऐन, २०७५ मा संशोधन समेत भईसकेकोले ऐ. ऐन, २०७५ को दफा (१२) र सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम (५) बमोजिम त्यस्ता लाभग्राहीहरुको निवेदन प्राप्त गरी लाभग्राही सूचीकरण प्रक्रिया अगाडि बढाउनु हुन निर्णयानुसार अनुरोध छ। साथै, नागरिकता प्रमाणपत्रको सक्कलै हेरी परिचपत्र नवीकरण तथा नयाँ लाभग्राही सूचीकरण गर्न र नागरिकता प्रमाणपत्रमा उल्लिखित जन्म मिति लगायतको विवरणमा कुनै अस्पष्टता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालय/इलाका प्रशासन कार्यालयबाट अभिलेख झिकाई यथार्थ विवरण यकिन गर्नु गराउनु हुन समेत अनुरोध छ।

२०७९/४/१

(सागर मणि पाठक)
निर्देशक

अवगतार्थः
श्रीमान सचिवज्यू
गृह मन्त्रालय।
श्री प्रमुख जिल्ला अधिकारीज्यू सबै।

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np